## चारवटा केन्द्रहरूले सिटीका स्कुली बच्चाहरूलाई भोजनहरू उपलब्ध गराउने

पिट्सबर्ग, PA (मार्च 18, 2020) शहरभरि रहेका चारवटा सिटी तथा साल्भेसन आर्मी सेन्टरहरूले पिट्सबर्ग पब्लिक स्कुल्सको संयोजकत्वमा भोलिबाट सुरु हुनेगरी सिटीका स्कुलीका बच्चाहरूलाई घर लिएर जाने भोजनहरू उपलब्ध गराउनेछ।

डिपार्टमेन्ट अफ पार्क्स एण्ड रिक्रियसनले भोलि, बिहीबार, मार्च 19 बाट सुरु हुनेगरी देहायका चारवटा स्थानहरूमा भोजनहरू वितरण गर्न सुरु गर्न स्वीकृति प्राप्त गरेको छ। तिनीहरू निम्न रहेका छन्:

- पलसन रेक सेन्टर (Paulson Rec Center) - 1201 Paulson Ave. 15206
- वारिङटन रेक सेन्टर (Warrington Rec Center) - 329 E. Warrington Ave. 15210
- साल्भेसन आर्मी होमवुड (Salvation Army Homewood) रहेको स्थान- 8020 Frankstown Ave. 15221
- साल्भेसन् आर्मी वेस्टसाइड (Salvation Army Westside) रहेको स्थान - 1821 Broadhead Fording Rd. 15205

भोजन वितरणका सबै कार्यहरू शनिबार तथा आइतबारबाहेक अरू दिनहरूमा बिहान 11 बजेदेखि दिउँसो 1 बजेसम्म गरिनेछ। PPS ले हरेक स्थानबाट 100 वटा घर लिएर जाने भोजनहरू उपलब्ध गराउनेछ। यो तरिकालाई वास्तविक आवश्यकतालाई पूरा गर्नका निम्ति पुन: समायोजित गर्न सकिनेछ।